पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

# पूर्वखोला गाउँपालिकाको गाउँसभामा गाउँपालिकाका अध्यक्ष श्री नुन वहादुर थापाद्वारा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम

पूर्वखोला गाउँपालिका , पाल्पा

मितिः २०७९ असार १० गते

“शिक्षा, स्वास्थ्य, सडक, कृषि पर्यटन सहितको पूर्वाधार, पूर्वखोला विकासको आधार”

(२०७९ असार १० गते)

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

*"शिक्षा, स्वास्थ्य, सडक, कृषि पर्यटन सहितको पूर्वाधार, पूर्वखोला विकासको आधार"*

गाउँसभाका सभाध्यक्ष ज्यू
उपस्थित गाउँसभाका सम्पूर्ण सदस्य ज्यू तथा कर्मचारी ज्यूहरु।

पूर्वखोला गाउँपालिकाको गाउँ सभामा आ.व २०७९।०८० को लागि बजेट नीति तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको अध्यक्षको हैसियतले यहां उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दछु ।साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा,वेपत्ता नागरिक एवं अग्रज योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार यहि मिति २०७९ वैशाख ३० गतेका दिन सम्पन्न भएको स्थानीय तह सदस्यको निर्वाचनमा यस पूर्वखोला गाउंपालिकाका नागरिकहरुले आफ्नो मताधिकारको प्रयोग गरि अमूल्य मतद्वारा ५ वर्षको लागी हामीलाई स्थानीय सरकार संचालनको जिम्मा दिनु भएको छ । यसका लागि सम्पुर्ण पुर्वखोलावासी दाजुभाई, दिदीबहिनीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।साथै निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने निर्वाचन आयोग, निर्वाचन कार्यालय, स्थानिय स्तरमा क्रियाशिल राजनीतिक दल, कर्मचारी,शिक्षक, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत समस्त महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

नेपालको संविधान २०७२ को संघीय संरचना अनुसार साविकको सिलुवा,जल्पा, रिङ्नेरह, देविनगर, विरकोट र हेक्लाड (१–८) गा.वि.स मिलेर यस पूर्वखोला गाउँपालिका जिल्ला सदरमुकाम देखि करिव ४० किलोमिटर पूर्व प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको छ । करिब २०,०९० जनसंख्या रहेको यस गाउँपालिकाको पूर्वमा निस्दी गाउँपालिका र रामपुर नगरपालिका, पश्चिममा रम्भा गाउँपालिका र माथागढी गाउंपालिका, उत्तरमा रामपुर नगरपालिका र रम्भा गाउंपालिका र दक्षिणमा माथागढी गाउँपालिका र निस्दी गाउंपालिका

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

रहेको छ । भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले धेरै सम्भावना भएको यस गाउँपालिकामा विकास निर्माणको लागि धेरै चुनौतीहरु रहेका छन । विकट र पहाडी भूगोल, छरिएर रहेका ग्रामिण वस्ती,वैदेशिक रोजगारीको लागी विदेशिएका युवा, उत्पादित वस्तुको वजारीकरण, लगाएतका विषयहरु हाम्रो सामु विद्यमान अवस्था रहेका छन् । चुनौतीहरुको सामना गर्दै विकास, निर्माण, उत्पादन,सुशासनलाई स्थानीय जनताहरुले अनुभूती गर्ने गरी अगाडी वढ्नु स्थानीय सरकारको दायित्व भएको छ । यहि दायित्वलाई पुरा गर्नको लागी हामीलाई ५ वर्ष सम्म स्थानीय सरकार संचालनको जिम्मेवारी प्राप्त भएको छ। यस जिम्मेवारीलाई पुरा गराउन स्थानीय सरकार प्रतिवद्ध रहेको छ । स्थानीय सरकारको प्रतिवद्धतामा सहयोग पुऱ्याउन यसै पालिका तथा सो अन्तर्गत सेवारत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, स्थानीय नागरिक, सम्पूर्ण राजनीतिक दल, दातृ निकाय,संघ संस्थाहरु समेत भूमिका रहने हुंदा सोही अनुसार पूर्ण सहयोग हुने अपेक्षा गरेको छु ।

स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधानले स्थानीय सरकारको परिकल्पना गरे अनुसार २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको अमुल्य जनमतले हामी निर्वाचित भई यस पूर्वखोला गाउँपालिकाको नेतृत्व सम्हालेका छौं । यस अवधि सम्म आइपुग्दा लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा सदैव प्रयत्नशील छौं, रहने छौं । अत: यस पूर्वखोला गाउँपालिका भित्रका नागरिकहरुलाई समृद्ध र सुखी वनाउन ***"सुखी गाउँबासी, समृद्ध पूर्वखोला"*** लक्ष्य प्राप्त गर्न हामी सवै यस पूर्वखोला गाउँपालिकाको चौतर्फी परिवर्तनको लागि एकजुट भई अगाडि बढ्न हार्दिक आवहान गर्न चाहन्छु ।

श्रद्धेय गाउँसभाका सदस्य ज्यूहरु,

अब म यस गाउँपालिकाको आ.व. २०७९।०८० को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## १. <u>आर्थिक विकास</u>

### क) कृषि तथा पशु विकास नीति:

१. पूर्वखोला गाउँपालिका भित्र उत्पादन हुने कृषि तथा पशु जन्य वस्तुहरुको प्रबर्द्धन गर्दै सो को बजारिकरणको लागि संघ, प्रदेश सरकार र विभिन्न संघ संस्थाहरु संग साझेदारी गरिनेछ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७३

२. गाउँपालिकाका सवै वडाहरुलाई लक्षित गरी सम्भाव्यताको आधारमा सुन्तला, कागती, व्यवसायिक तरकारी, किवी, अदुवा र वेसार आदिको पकेट तथा ब्लक क्षेत्र विस्तार गरिनेछ।

३. विषादी रहित कृषि उपज उत्पादनको लागि एकिकृत शत्रु जीव व्यवस्थापन (कृषक पाठशाला) कार्यक्रम संचालन गरिनेछ । साथै स्थानिय रैथाने वाली तथा बीउको संरक्षण उत्पादनमा जोड दिने।

४. व्यवसायिक माछा पालक कृषकहरुलाई व्यवसायको लागी प्रोत्साहन गरिनेछ ।

५. ***"आफ्नो गाउँ आफैं वनाऔं, मिलीजुली बसौं सबै संगै रमाउ "*** भन्ने नारालाई अवलम्वन गर्दै सामुहिक र व्यवसायिक कृषि तथा पशुपालन व्यवसायमा जोड दिदै भकारो सुधार तथा खोर व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. कृषि क्षेत्रको आर्थिक विकासका लागि युवालाई लक्षित गरी उद्यमशिलता विकास तथा विभिन्न बालीका विशेष आधार क्षेत्र कायम गरी विभिन्न कृषि प्रबर्धनात्मक कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।

७. उच्च मुल्यका कृषि उपजहरुको (टिमुर, सूर्यमुखी, कुरिलो, सिताके च्याउ, आदि ) उत्पादन बृद्धि गर्न आवश्यक अध्ययन परीक्षणका पकेट कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईने छ।

८. यस पालिकाको मुख्य खाद्यान्न मकै बालीको उत्पादन र उत्पादकत्व बढाउन मकैको उन्नत बिउ उत्पादन बजारीकरण गरी कृषकहरुबीच सहज उपलब्धताको कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

९. कृषि तथा पशु विकास क्षेत्रको व्यवसायिकरण र यान्त्रिकरणकोलागि दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै उत्पादनको आधारमा अनुदान दिने नीतिलाई अगाडी वढाइनेछ ।

१०. स्थानिय उत्पादनका कोदो, मकै, चिउरी, चुतारा आदिबाट उत्पादित मदिरालाई ***"स्थानिय ब्राण्ड"*** को रुपमा विकास गर्न पहल गरिने छ।

११. कृषि व्यवसायीकरणको लागि कृषि उपज संकलन केन्द्र तथा साप्ताहिक हाट बजार स्थापना र सञ्चालनलाई जोड दिइनेछ ।

१२. पूर्वखोला कृषि तथा पशु उद्यमशिलता विकास परियोजनालाई निरन्तरता दिई कृषि तथा पशुपालन क्षेत्रलाई प्रबर्द्धन गरिनेछ।

## ख) सहकारी तथा गरिबी निवारण:

१३. पालिकाभित्रका सहकारीहरुलाई विकास, प्रबर्द्धन र नियमनमा जोड दिईनेछ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७३

१४. सहकारीको माध्यमबाट यस गाउँपालिका भित्र गरिवी निवारण तथा आय आर्जनमा सहयोग पुऱ्याउने खालका विभिन्न कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

१५. गाउंपालिकाको वडा नं १ पाङजुङ तथा वडा नं २ को साठीकोलमा नमूनाको रुपमा सञ्चालित ग्रामिण विकास कार्यक्रम र वडा नं ३ र वडा नं ५ सञ्चालित गाउं विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. गाउंपालिका भित्र दलित, भूमिहीन, सुकम्वासी र अव्यवस्थित घर जग्गाको सूची तयार गरी समस्या समाधान गर्न जोड दिइनेछ ।

१७. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत खरको छाना विस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## ग) **घरेलु तथा साना उद्योग:**

१८. लोप हुन लागेका स्थानीय सिपहरुको पहिचान गरी संरक्षण तथा प्रबर्द्धनको लागि सिप विकासका तालिमहरु संचालनको लागि पहल गरिनेछ। साथै उत्पादित वस्तुको बजारीकरणको लागि कोशेली घरको व्यवस्थापन गरिनेछ।

१९. रोजगारी अभिबृद्धि गर्नका लागि सिकर्मी, डकर्मी, हाउस वायरिङ्, घरेलु ढाका वुनाई जस्ता विभिन्न सिपमुलक तालिमहरु आवश्यकता र ओचित्यताको आधारमा संचालन गरि स्वरोजगार वातावरण सिर्जना गरिनेछ।

२०. स्थानिय कच्चा पदार्थमा आधारित साना तथा कुटिर उद्योग सञ्चालनमा जोड दिईने छ।

२१. गाउँपालिकाको विभिन्न क्षेत्रमा रहेका ढुंगा खानी, बालुवा खानी र कोईला खानीलाई उपयोगमा ल्याउन आवश्यक अध्ययन गरी उतखननमा जोड दिईनेछ।

जमले क्षेत्रमा ढूंगा कटिङ उद्योग संचालनको लागि संभाव्यता अध्ययन गरिनेछ ।

## घ) **पर्यटन नीति:**

२२. गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गरी आन्तरिक पर्यटन प्रबर्द्धनको लागि पर्यटन गुरुयोजना तयार गर्न पहल गरिनेछ । साथै पर्यटकीय क्षेत्रको पुर्वाधार निर्माणमा जोड दिईनेछ।

२३. कला र संस्कृतिको धनी पुर्वखोला गाउँपालिका क्षेत्रमा रहेका परम्परागत कुडुले घरहरु सर्वेक्षण गरी संरक्षण संरक्षण गर्ने नीति लिइनेछ ।

२४. गाउँपालिका भित्रका सम्भावित पर्यटकीय स्थलहरुको रुपमा रहेका हात्तिलेक, चुरा मण्डली बराजू, विरकोटको निशानडाँडा, चूलीडाँडा, बुढीलेक, देवीनगरको भानुमाता, हेक्लाङको बाकुमगढी,

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

रोङ्ढेङ भ्यू पोइन्ट, रिङ्नेरहको लोकेश्वर महादेव मन्दिर, जल्पा ढोलीमाराको खांड देवी गुफा, चिडीयाघर मादले गुफा, करङडाँडा, चुलीडाँडा टिकेचुली अम्लिसो बगान आदिलाई क्षेत्रगत आधारमा क्रमश प्रबर्द्धन गरिनेछ ।

२५. गाउंपालिका भित्रका भाषा कला संस्कृतीको उचित संरक्षणमा जोड दिइनेछ।

२६. गाउंपालिका भित्र रहेका ऐतिहासिक गढी गुफा र धार्मिक पर्यटन क्षेत्रलाई संरक्षण गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२७. पालिकाको कला तथा संस्कृति संरक्षण र पालिका स्तरीय सांस्कृतिक संग्रालय स्थापना गर्न पहल गरिने छ।

२८. कृषि मेला तथा सांस्कृतिक महोत्सव सञ्चालन गरी सांस्कृतिक प्रबर्द्धन गर्दै आन्तरिक पर्यटक आकर्षित गर्न पहल गरिनेछ।

## २.<u>सामाजिक विकास</u>

### क) शिक्षा तथा खेलकुद विकास:

२९. विद्यालय गुणस्तर सुधार र BIG SCHOOL अवधारणा अनुसार थालनी गरिएको विद्यालय समायोजनको कार्यलाई दिगो र भरपर्दो वनाउन विभिन्न योजना तथा कार्यक्रम संचालन गरिनेछ।

३०. विद्यालयहरुको शैक्षिक सुधारको लागि शिक्षक र विद्यार्थी संख्याको अनुपातमा अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. विद्यालयको नतिजा सुधारमा शिक्षकले विषयगत सिकाई उपलव्धी वृद्धिका लागि सम्वन्धित प्र.अ समक्ष कार्यसम्पादन करार गर्नुपर्ने नीतिलाई जोड दिइने छ।

३२. मातृभाषाको शिक्षा संचालन गर्ने विद्यालयहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ।

३३. नमुना विद्यालय वनाउनको लागि आवश्यक मापदण्ड निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ।

३४. विद्यालयमा किशोर किशोरी र अभिभावक आमा समूह बनाई विद्यालय शैक्षिक जागरण कार्यक्रम संचालन गरिनेछ।

३५. गाउँपालिका भित्रका जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न आधारभुत तह परिक्षामा सर्वोकृष्ट अंक ल्याउने दलित, आदिवासी जनजातीबाट एक छात्र तथा एक छात्रा पर्ने गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

३६. विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिदै कक्षा छ सम्म व्यवस्थापन गर्न जोड दिईनेछ।

३७. गाउंपालिका भित्रका सम्पूर्ण मा.वि र आधारभूत विद्यालयहरुको छात्राहरुलाई सेनिटरी प्याडको वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३८. शिक्षकहरुलाई पेशागत दक्षता अभिवृद्धिको लागि सूचना प्रविधी सम्बन्धी तालिममा दिदै विद्यालयहरुमा ईन्टरनेट जडान तथा प्रयोगमा जोड दिईनेछ।

३९. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय व्यवस्थिपन समितिको क्रियाशिलतामा जोड दिदै अभिभावक शिक्षा, विद्यालय सुधारका लागि अन्तर्क्रिया तथा वार्षिक कार्ययोजना निर्माण, समिक्षा जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ लागू गरिनेछ।

४०. विद्यार्थीको चौतर्फी विकासका लागि विद्यालयहरुबीच पालैपालो घुम्ती रुपमा प्रतियोतात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन, शैक्षिक अवलोकन भ्रमण, शैक्षिक सामाग्री प्रदर्शनी जस्ता कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ।

४१. मगर भाषा तथा लिपी संरक्षण र सम्बर्द्धनका लगि कार्यक्रम सञ्चालन गरिनेछ।

४२. यस गाउँपालिका भित्र कक्षा ११ र १२ मा पढ्ने छात्रा विद्यार्थीहरुलाई प्रोत्साहनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४३. विद्यार्थीहरुलाई अध्ययनमा सहयोग पुऱ्याउनको लागि विद्यालयको पुस्तकालयहरुलाई अझै व्यवस्थित गर्दै ई-पुस्तकालय विकासको लागि क्रमशः पुर्वाधार विकास गर्न पहल गरिने छ।

४४. पूर्वखोला गाउँपालिकाको एक मात्र कलेज उदबुद्ध कलेजलाई गुणस्तरीय बनाउनको लागि अनुदान कार्यलाई निरन्तरता दिइनेछ ।

४५. विद्यालयहरुमा शैक्षिक उपलव्धी वृद्धि गर्न विभिन्न तहका सरोकारवाला निकाय तथा दातृ निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

४६. विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन गर्न पहल गरिनेछ ।

४७. आधाभूत तहको परिक्षामा गाउँपालिकामा उत्कृष्ट नतिजा दिने विषय शिक्षकलाई मापदण्ड वनाई सम्मान गरिनेछ ।

४८. विद्यालयहरुलाई BIG SCHOOL को अवधारणमा लैजान निश्चित मापदण्डको आधारमा समायोजन तथा पुर्नव्यवस्थापन गर्ने नीति लिइनेछ ।

४९. विद्यालयका निजी शिक्षकहरुको लागि विशेष अनुदानको समेत व्यवस्था गरिनेछ ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

५०. अभिभावक विहिन बालबालिकाहरुलाई कक्षा १२ सम्मको शिक्षाको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

५१. स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न भइसकेको हुंदा पाठ्यपुस्तक लेखन तथा प्रकाशन गरी सम्पूर्ण विद्यालयहरुमा प्रभावकारी कार्यान्वयन गर्न जोड दिइनेछ ।

५२. वालवालिकाको शिक्षामा पहुँच सुनिश्चितता गर्न माध्यमिक विद्यालयहरुमा छात्रावास तथा शिक्षक निवासको प्रवन्ध मिलाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

५३. यस गाउंपालिकामा स्काट आदर्श र जु.रे.स विकास गर्ने नीतिलाई प्राथमिकता दिइनेछ।

५४. नैतिक र व्यवहारिक ज्ञान सम्बन्धी भनाईहरु उद्धृत होडिङ बोर्ड व्यवस्थापनमा जोड दिईनेछ।

५५. बालकक्षा शिक्षणमा कार्यरत सहजकर्ताहरुलाई थप प्रोत्साहन गरिनेछ भने कक्षा शिक्षणमा भित्ते लेखन र प्रभावकारी मुल्याङ्कन प्रक्रियालाई जोड दिईनेछ।

**ख) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी:**

५६. कोभिड अस्पतालको रुपमा प्रयोग भई आएको भौतिक संरचनालाई सम्भावित महामहारी नियन्त्रणका लागि उपयोग गर्ने गरी गाउँपालिकाको प्रशासनिक प्रयोजनमा ल्याईनेछ।

५७. आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय गराउन गाउँपालिकामा मेडिकल अधिकृतवाट सेवा दिने कार्यको शुरुवात गर्न पहल गरिनेछ साथै स्वास्थ्य बिमाको प्रेषण सेन्टर बनाउन पहल गरिनेछ |

५८. स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनि तोकिएका सबै आधारभूत स्वास्थ्य सेवाहरु सम्पूर्ण जनताहरुको पहुँचमा पुऱ्याउने छ ।

५९. स्वास्थ्य चौकिहरुमा सञ्चलित प्रसुती केन्द्र थप व्यवस्थित गरिनेछ, शून्य होम डेलिभरी सुनिश्चिता गर्न सबै वडामा सुरक्षित मातृत्व सचेतना कार्यक्रम संचालन गरी शून्य होम डेलिभरी सुनिश्चिता गरीने छ।

६०. सुत्केरी तथा नवजात शिशुको पोषणमा सुधार ल्याउन सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिई **सुत्केरी संग उपाध्यक्ष कार्यक्रमलाई** व्यवस्थित गरिनेछ |

६१. २४ पटक तौल लिने बच्चाको अभिभावकलाई पुरस्कृत गरी वृद्धि अनुगमनलाई नियमित गराई कुपोषित बच्चा रहित गा.पा. बनाउन बिभिन्न पोषण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

६२. गाउँपालिकामा पायक पर्ने स्थानमा १० शैयाको अस्पताल स्थापना गर्ने पहल गरिनेछ।

६३. गाउँपालिकाका विपन्न परिवारलाई स्वास्थ्य विमा गराई स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरिनेछ र दलित घर परिवारलाई स्वास्थ्य बिमा कार्यक्रम निरन्तर गरिनेछ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

६४. गाउँपालिका भित्रका किशोर किशोरीहरुको स्वस्थ्य सचेतना गर्ने कार्यक्रम गरि लागूऔषध दुर्व्यसन, आत्महत्या र बालबिबाह न्यूनीकरण पहल गरिनेछ ।

६५. बढ्दै गएको दिर्घ रोगलाई न्यूनीकरण गर्न मुटु रोगको परिक्षण सचेतना कार्य सम्पूर्ण बिद्यालयमा शुरुवात गरिनेछ ।

६६. ४० बर्ष माथिका नागरिकहरुलाई घर घरमा गई उच्चरक्तचाप र मधुमेह रोगको स्क्रिनिग गरि नसर्ने रोगको रोकथाम तथा नियन्त्रणलाई न्यूनीकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

६७. छ वटै वडामा मुटु रोग तथा महिलाको पाठेघरको क्यान्सर सम्बन्धि स्वास्थ्य शिबिर संचालन गरिनेछ ।

६८. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट कार्य सम्पादन गर्नेलाई पुरस्कृत गरिनेछ ।

६९. जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रमलाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ।

७०. गाउँपालिका भित्रका अशक्त असहाय तथा जेष्ठ नागरिकहरुलाई घरदैलोमै गई स्वास्थ्य सेवा उपलब्ध गरीने कार्यक्रमलाई थप व्यबस्थित गरिनेछ।

७१. स्वास्थ्य चौकीहरुमा दिर्घ रोगी उच्च रक्तचाप तथा मधुमेह रोगको लागि निशुल्क औषधि दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

७२. गाउँपालिका भित्रका सवै मा.वि. हरुमा स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ साथै मद्यपान तथा सुर्तीजन्य पदार्थको विक्रिवितरण कार्यलाइ निरुत्साहित गर्न पहल गरिनेछ।

७३. गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको औषधी आपूर्ति आकस्मिक मौज्दात र स्वीकृत मौज्दातका आधारमा गरिनेछ ।

७४. यस आ.व.मा यस गाउँपालिकाको सबै वडामा पूर्ण सरसफाई युक्त वडा घोषणा गर्ने कार्यलाई प्रक्रियागत रुपमा अगाडी बढाइने छ ।

७५. सुनौला हजार दिनका आमा तथा वालवालिकाहरुको पोषण सुधारका कार्यक्रम संचालन गरी पूर्ण पोषणयुक्त गाउँपालिका बनाउने कार्यलाई सहयोगी संस्थासंग सहकार्य गरि १००० दिनका आमाहरुलाई नियमित भेट तथा परामर्श सेवाको थालनी गरी सचेतनाको कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. गाउँपालिका भित्रका सम्पूर्ण मा.वि. बिद्यालयहरुमा नर्सिंग स्टाफ राख्ने व्यबस्थालाई शुरुवात गरिनेछ ।

७७. सबै स्वास्थ्य संस्थाहरुलाई प्रबिधिमैत्री बनाई रिपोर्टिंग रेकर्डिङलाई व्यवस्थित गरिनेछ ।

७८. सामुदायिक महिला स्वयंसेविकाहरुलाई दिइदै आएको प्रोत्साहनलाई निरन्तरता दिइनेछ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

७९. प्रत्येक सामुदायिक स्वास्थ्य इकाईको लागि भवन निर्माण गर्न बजेट व्यवस्थाका लागि पहल गरिनेछ ।

८०. स्वास्थ्य चौकीहरुमा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरि सम्पूर्ण स्वास्थ्य संस्थावाट सेवाको व्यवस्था मिलाईनेछ ।

८१. मापदण्ड अनुसारको भवन नभएको स्वास्थ्य चौकीमा भवन बनाउन पहल गरिनेछ।

८२. आयुर्बेद औषधालयवाट योग एंव परम्परागत चिकित्साको विकास विस्तार गरिनेछ साथै पञ्चकर्म सेवालाई निरन्तरता दिई घुम्ती सेवा मार्फत नागरिक आरोग्य सेवा विस्तार गरिनेछ।

८३. करार स्वास्थ्यकर्मी तथा २४ घन्टे अ.न.मी. र सा.म.स्वा.स्व. हरुलाई थप प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । साथै महिला सामुदायिक स्वयं सेविकाहरुको लागि पूर्ण निशुल्क स्वास्थ्य बिमा कार्यक्रम अघि बढाइनेछ।

८४. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीहरुलाई औषधि उपचार बापत खर्च उपलव्ध गराउने कार्यलाई संघिय सरकार संग सहकार्य गरी मासिक भत्ता दिने व्यवस्था शुरुवात गरीनेछ ।

८५. बिपन्न परिवारको गर्भवती महिलाहरुलाई स्वास्थ्य चौकीमा सुत्केरी हुन नसकेर प्रेषण गर्नु परेमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

८६. पोषण मैत्री स्वास्थ्य संस्था घोषणा अभियान संचालन गरीनेछ।

**ग) महिला तथा बालबालिका सम्बन्धी:**

८७. महिलाहरुको सिप विकास, क्षमता विकास, आयआर्जन तथा सशक्तिकरणमा जोड दिदै लैगिक हिंसाको लागि शुन्य सहनशिलतालाई अवलम्वन गर्दै लैगिक हिसां शुन्य गाउँपालिका बनाउने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जोड दिइनेछ।

८८. एकल महिलाहरुलाई विभिन्न आयमुलक कार्यक्रम संचालन गरी आत्मनिर्भरता तर्फ उन्मूख गरिनेछ ।

८९. पूर्वखोला गाउँपलिकामा स्थापित भएका वाल संजाल , वाल क्लवलाई सकृय वनाइ बालमैत्री कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।

९०. यस गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका बनाउनको लागि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९१. आर्थिक सामाजिक रुपले पछाडी परेको वर्ग तथा समुदायको हितको लागि लक्षित कार्यक्रम लगायत सिपमुलक, आयमुलक र रोजगारी मुलक कार्यक्रम संचालनमा जोड दिईनेछ ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

९२. बालमैत्री स्थानिय शासन, पोषणमैत्री तथा खानेपानी सरसफाई तथा स्वच्छतालाई एकीकृत रुपमा सञ्चालन गरि लक्ष्य हासिल गर्ने नीति लिईनेछ।

**घ) फरक क्षमता(अपांगता) तर्फः**

९३. फरक क्षमता (अपांगता) भएका ब्यक्तिहरुलाई सेवाप्राप्तीमा सहज पहुँचका लागि गाउँपालिकाका, वडा कार्यालय तथा अन्य सरकारी कार्यालयहरुलाई क्रमश अपाङ्ग मैत्री बनाउँदै जाने नीति अवलम्वन गरिनेछ ।

९४. अपागंता भएका व्यक्तिहरुलाई अपांगताको वर्गिकरण अनुसार गाउँपालिकाको तर्फवाट थप राहत वितरणका कार्यक्रमहरु लागु गर्ने नीति लिइनेछ ।

९५. विद्यालयमा अध्ययन गर्न चाहने विद्यालय उमेरका फरक क्षमता भएका (दृष्टिविहीन, वौद्धिक अपांग, सुस्त श्रवण र सुस्त मनस्थिती) बालवालिकाहरुलाई गाउँपालिकाको सहयोग र अन्य विभिन्न निकायसँगको सहयोग र समन्वयमा अध्ययन र स्वरोजगारीको अवसर प्रदान गर्न पहल गरिनेछ।

९६. अपांगता परिचय पत्र पाउन छुट भएका फरक क्षमताका व्यक्तिहरुको खोजिगरी घरदैलोमै परिचय पत्र दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै अपांगहरुलाई सहायक सामाग्री हस्तान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ङ) लक्षित (आदिवासी जनजाती, दलित,सिमान्तकृत, अल्पसंख्यक) वर्गः**

९७. लक्षित वर्गहरुको सिप, क्षमता विकास तथा आयआर्जनको लागि विभिन्न सिप, क्षमता तथा आयमुलक तालिम कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

९८. लक्षितवर्ग अन्तर्गतका वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिमार्जन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलव्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ।

९९. उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी सरकारी सेवा तर्फ प्रेरित गर्न लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गर्न जोड दिइनेछ।

१००. गाउँपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्न कार्यविधी तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम कार्यान्वयन गरिनेछ । साथै उक्त कार्यक्रमलाई आयमुलक तथा सचेतनामुलक क्षेत्रमा परिचालन गर्न जोड दिइनेछ।

**च) युवावर्गः**

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

१०१. युवावर्गमा भएको सिप तथा क्षमताको विकास गरी अनुदानको कार्यक्रम समेत संचालन गरि युवाहरुलाई उद्यमशिल, स्वरोजगार तथा समाज सेवा प्रति प्रेरित गर्न जोड दिइनेछ ।

१०२. खेलकुदमा युवाहरुको वढ्दो आकर्षण भएको हुँदा युवाहरुको माग वमोजिम वडा तथा गाउँपालिका स्तरिय विभिन्न खेलकुदका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१०३. एक वडा एक खेलमैदानलाई वडाको संभाव्यताको आधारमा कार्यान्वयन गर्दै लगिनेछ।

१०४. स्थानीय स्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्दै मित्रता र उकताको भावनामा जोड दिइनेछ।

## छ) जेष्ठ नागरिकः

१०५. अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई विकासको क्षेत्रमा उपयोग गर्ने नीति लिइनेछ ।

१०६. जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै वडा तहमा जेष्ठ नागरिक अन्तरर्क्रिया कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

१०७. जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिई गाउंपालिका भरीका अशक्त असहाय तथा जेष्ठ नागरिकहरुलाई घरदैलोमा गई वर्षमा १ पटक स्वास्थ्य जांचको व्यवस्थालाई निरन्तरता दिईने छ ।

## ज) खानेपानी, सरसफाई तथा स्वच्छता तर्फः

१०८. नेपाल सरकारको नीति अनुसार खानेपानी योजनाहरुमा "एक घर एक धारा" को कार्यक्रमलाई निरन्तरता दिदै गाउँपालिकाको खानेपानी तथा स्वच्छता(वास) कार्य योजनाको आधारमा खानेपानी तथा सरसफाईको कार्यलाई अगाडि बढाउँदै आ.व २०८१/०८२ सम्म गाउँपालिकालाई एक घर एक धारा पालिका घोषणाको पहल गरिनेछ।

**१०९. लिफ्ट खानेपानी प्रणाली अन्तर्गतका खानेपानी उपभोक्ता समितिहरुलाई विद्युतीय बिलको आधारमा १५% अनुदानको व्यवस्था गरिनेछ।**

११०. "पूर्ण सरसफाई हाम्रो अभियान, पूर्वखोलाको पहिचान" लाई सार्थक तुल्याउनको लागि खानेपानी संगै पूर्ण सरसफाईका कृयाकलापहरु संचालन गरि पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्न गाउँपालिकाको वडाहरुमा विशेष सरसफाई कार्यक्रम लागु गर्न पहल गरिनेछ ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

१११. निर्माण भइसकेका तथा नयाँ निर्माण हुने खानेपानीका ठूला योजना दिगो बनाउनको लागि मर्मत संभार कोष स्थापना गरी मर्मत संभारकर्ता तालिम संचालन गर्ने कार्यलाई जोड दिइनेछ ।

११२. गाउँपालिकाका भित्र अत्यावश्यक क्षेत्रहरुको पहिचान गरी सार्वजनिक शौचालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

११३. सफा र स्वच्छ खानेपानीको लागि पानीको गुणस्तर परिक्षणलाई जोड दिइने छ ।

११४. प्लाष्टिक, सिसा, कागज र फलाम जन्य पदार्थहरुबाट हुने फोहर र वातावरण प्रदुषण न्युनिकरण गर्न पालिकाद्वारा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ।

## ३) न्यायिक समितिको क्षमता विकासः

११५. न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकासको लागि समयानुकुल र विषयानुकुल क्षमता विकासको लागि तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

११६. वडा तहमा मेलमिलाप केन्द्र गठन गरि मेलमिलापकर्ताहरुको क्रियाशीलता तथा थप तालिमको व्यवस्था मिलाउन पहल गरिनेछ ।

## ४. वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन

११७. वातावरण संरक्षणको लागि गाउँपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक तथा निजी जग्गाहरुमा वृक्षारोपण गरि हरियाली प्रवर्धन गर्ने नीति लिइनेछ भने परम्परागत चौपारी संरक्षण गरी वातावरण संरक्षण गर्न पहल गरिनेछ।

**११८. वातावरणमैत्री स्थानीय शासनका सुचकहरु अवलम्वन गर्दै वातावरणमैत्री गाउँपालिका निर्माणको लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याउने नीति अवलम्वन गरिनेछ।**

११९. फोहरमैलाको दीर्घकालिन समाधान तथा व्यवस्थापनको लागि जग्गाको **(ल्याण्डफिल साइट) खोजी** गरिनेछ ।

१२०. विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

१२१. गाउँपालिकामा विपद् व्यवस्थापन कोषमा आवश्यकता अनुसार वजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

१२२. वातावरणीय सरसफाईको लागि प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई न्यूनिकरण गर्न तथा फोहरलाई उचित व्यवस्थापन गर्नको लागि विभिन्न महिला समूह, युवा क्लव, सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ।

१२३. मापदण्ड अनुसार निर्माण भएका मोटरवाटोको किनारामा मोटर वाटो उपभोक्ता समिति मार्फत वृक्षारोपण गर्न प्राथमिकता दिइनेछ।

१२४. विपद प्रतिकार्यलाइ मध्यनजर गर्दै सो सम्बन्धी तालिम तथा आवश्यक सामाग्रीहरुको व्यवस्था तथा विपत जोखिम प्रतिकार्य कार्ययोजना निर्माण तथा समितिहरु गठन गरिनेछ।

## ५. पूर्वाधार विकास

### क) सडक निर्माण तर्फः

१२५. गाउँपालिकाको केन्द्र देखी सवै वडा केन्द्रहरुलाई जोड्ने मोटरवाटोलाई सडक वर्गिकरणको आधारमा बाह्रै महिना सवारी संचालनको लागि सडकहरुको स्तरोन्नती गरिनेछ।

१२६. सडकको राष्ट्रिय मापदण्डलाई आधार मान्दै गाउँपालिकाले पारित गरेको सडक मापदण्डलाई अवलम्बन गरीनेछ भने मूख्य सडकहरुलाइ कालोपत्रे गर्ने कार्यलाइ जोड दिइनेछ।

१२७. छिमेकी स्थानीय तहहरु, प्रदेश तथा संघीय सरकार संग समन्वय गर्दै पूर्वाधार विकासको कार्यलाई अगाडी वढाइने छ ।

१२८. निर्माण कार्यमा मानव जनशक्तिलाई प्राथमिकता दिई स्थानीय तहमा रोजगारीको अवसर श्रृजना गर्ने कार्यलाई जोड दिइनेछ साथै स्थानीय सरकारको ७०% र उपभोक्ताको ३०% का दरले स्थानीय लागत सहभागिताका योजनाहरु सञ्चालन गरिनेछ।

१२९. निर्माण भएका मोटरवाटोहरुमा निर्वाध रुपमा सवारी साधन संचालन तथा सडकको नियमित मर्मत संभारको लागि सडक मर्मत संभारकर्ताहरु परिचालन गरिनेछ।

### ख) विद्युत तथा संचारः

१३०. विद्युत र सञ्चार लाई नागरिकको पहुँचमा पुर्‍याइ भर्पर्दो र विश्वासिलो बनाउनका लागि नेपाल विद्युत प्राधिकरण, दुरसंचार प्राधिकरण संग समन्वय गरी विद्युतिकरण तथा दुरसंचारको नेटवर्क सवल बनाउन आवश्यक समन्वय गरिनेछ।

१३१. आ.व ०७९।०८० मा “टुकि रहित गाउँपालिका” घोषणा गरिनेछ ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

१३२. काठका विद्युत पोलहरुको साटो फलामे विद्युत पोलहरुको प्रयोगमा जोड दिदै सोही अनुसार काठेपोल रहित गाउँपालिका वनाउन नेपाल विधुत प्राधिकरण र सामुदायिक विद्युत वितरक संस्थाहरु संग साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३३. उज्यालो पूर्वखोला कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

**ग) सिंचाई तर्फ:**

१३४. सञ्चालनमा रहेका सिंचाई प्रर्णालीको मर्मत तथा सुधार गर्दै श्रोतको उपलव्धता र आवश्यकताको आधारमा नयां प्रविधीमा आधारित सिंचाई प्रविधी (विद्युतीय तथा सौर्य प्रर्णाली)को व्यवस्था गरी उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३५. मझौला र ठुला सिंचाई तथा जलासययुक्त सिंचाई योजनाको लागि संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

१३६. खोलाको उभारको कारण सिंचाई सुविधावाट वन्चित क्षेत्रमा सिंचाइको लागि लिफट प्रविधीमा आधारित सिंचाई प्रणालीलाई अवलम्वन गरिनेछ । साथै खोलाको उभार वढाउनको लागि प्रदेश सरकारको सहयोगमा पूर्वखोला संरक्षण कार्यक्रम संचालन गरिनेछ।

**घ) अन्य पूर्वाधार निर्माण:**

१३७. गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नहुंदा सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिन गाह्रो परेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माणको कायलाई निरन्तरता दिइनेछ।

१३८. वढ्दै गएको वजारिकरणलाई ध्यान दिदै नयाँ निर्माण गरिने भवनहरुमा भवन निर्माण मापदण्ड तयार गरी नक्शापासको अवश्यक व्यवस्था मिलाइने छ ।

१३९. यस वर्ष देखि नयाँ निर्माण हुने घरहरुको लागि भवन निर्माण आचार संहिता लागु गरिनेछ।

१४०. पानीका मुलहरु पुर्नभरण ( रिचार्ज) गर्न प्राकृतिक पोखरी निर्माण तथा संरक्षण कार्यलाई अगाडी वढाइनेछ ।

१४१. **वाम्दी खोला,सपाहा र मंगला क्षेत्रमा बहुउद्धेशीय जलासय निर्माण कार्यलाई अगाडी वढाउन प्रदेश सरकार संग समन्वय गरिनेछ** ।

१४२. गाउँपालिका क्षेत्रका पूर्वखोला र लाम्दीखोलामा आवश्यक पर्ने मोटरेवल पुल निर्माणको लागि प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ । साथै आवश्यकताको आधारमा खोला

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

खोल्सीहरुमा झोलुंगे पुल तथा ट्रष्ट पुल निर्माणको लागि विभिन्न निकायसंगको समन्वयलाई निरन्तरता दिइनेछ ।

१४३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगार प्रवर्धनको कार्यलाई निरनतरता दिइनेछ ।

१४४. यस गाउँपालिका स्थित विभिन्न गाउँ टोलमा आवश्यकताको आधारमा सामुदायिक भवन, प्रतिक्षालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१४५. सरकारी र सामुदायिक भवनहरुको रङ्गरोगनमा उकरुपता ल्याउन पहल गरिनेछ।

१४६. गाउँपालिका तथा वडाहरुमा खेलकुंद विकासको लागि प्राथमिकताको आधारमा खेलमैदान र अन्य खेलकुद संरचना निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

१४७. गाउँपालिकाकाको भौतिक पूर्वाधार निर्माणमा सहयोग हुने र आन्तरिक आयमा वृद्धि गराउने उद्धेश्यका साथ नदीजन्य पदार्थ उत्खनन् तथा खानीजन्य (ढुंगा खानी) पदार्थ उत्खनन्का लागि वातावरणिय प्रभाव मूल्यांकन गरी कार्यक्रम अगाडी वढाइने छ।

१४८. सडक तथा वाटोमा पर्ने मूल, मुहानहरुमा क्रमश: सार्वजनिक धाराहरुको निर्माण कार्यलाइ जोड दिइनेछ।

## ङ) सूचना तथा सञ्चार तर्फ:

१४९. गाउँपालिको विकास निर्माणका हरेक गतिविधीहरुलाई आम जनसमुदाय समक्ष पुऱ्याउन आम सञ्चार माध्यमबाट कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

१५०. पत्रकारीता र सञ्चार जगतसंग विकास र सुशासनमा सहकार्यलाई निरन्तरता दिइनेछ।

## ६. सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

१५१. यस गाउँपालिकाको आर्थिक श्रोत वृद्धिको लागि संघीय सरकार र प्रदेश सरकारसंग समपुरक र विशेष अनुदान सहयोग प्राप्त गर्नको लागि आवश्यक समन्वयात्मक कार्यलाई निरन्तरता दिइनेछ।

१५२. "सुस्पष्ट नीति र सरल कार्य पद्धती, सक्षम र असल नेतृत्व पूर्वखोलाको सम्पत्ति" यस नारालाई सार्थक वनाउन गाउँपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने विभिन्न सफ्टवेरको माध्यमद्वारा सेवाग्राहीहरुलाई चुस्त सेवा दिइ शुसासन प्रवद्र्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५३. पूर्वखोलाको समृद्धि र पहिचान अंकित लोगो प्रयोगमा ल्याइनेछ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

१५४. यस गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागि समयानुकुल विभिन्न क्षमता विकासका कार्यक्रमहरु आयोजना गरिनेछ।

१५५. औचित्यताको आधारमा गैर सरकारी संस्थाहरुसंग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ।

१५६. गाउँपालिकामा राम्रो कार्यसम्पादन गर्ने कर्मचारी, उत्कृष्ट विद्यालय तथा शिक्षक र राम्रो निर्माण कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१५७. आम उपभोक्ताहरुलाई सचेत गराउनको लागि उपभोक्ता हकहित सचेतना कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी गुणस्तरिय वस्तुको उपभोगको लागि वजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

१५८. संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका तथा अन्य निकायवाट गाउँपालिकामा संचालन हुने विभिन्न योजना तथा कार्यक्रमको अनुगमनलाई निरन्तरता दिइनेछ ।

१५९. पालिका स्थित सवै वडाका सरोकारवालाहरुलाई कर समवन्धि सचेतना तथा नियमन कार्यक्रम संचालन गरी करको दायरामा ल्याउन पहल गरिनेछ ।

१६०. गाउँपालिकावाट सवै वडाहरुमा व्यवसाय दर्ता, नविकरण लगाएत कार्यमा विकेन्द्रिकरण गर्दै नागरिकहरुलाई घर आगनमै सेवा प्रदान गर्ने कार्यको थालनी गरिनेछ।

१६१. पालिका स्थित सम्पूर्ण वडाहरुमा टोल विकास संस्थाको कार्यविधि अनुसार योजना तथा कार्यक्रम सञ्चालन प्रक्रियाको थालनी गरिनेछ।

१६२. गाउँपालिकाको लागि आवश्यक पर्ने ऐन, नियम र कार्यविधिहरु समय सापेक्ष बनाउँदै लगिनेछ।

१६३. उपभोक्ता समितिको क्षमता विकासको लागि वडा तहमा तालिम कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

१६४. गाउँपालिकाको नाममा रहेको बेरुजु तथा पेश्की वेरुजुलाई फछ्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

१६५. सुशासन प्रवर्धनमा जोडदिन" सिंहदरवारको अधिकार घर आँगन सम्म" भन्ने सरकारको अवधारणा अनुसार गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने प्रर्णालीको विकास गरिनेछ ।

१६६. वडा तह देखि गाउँपालिका तह सम्म सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, नागरिक वडापत्र आदिको माध्यमद्धारा वडा तथा गाउँपालिका तहमा शुसासन प्रवर्धनमा जोड दिइनेछ ।

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

१६७. संस्थागत जवाफदेहिता कायम गर्न वार्षिक रुपमा वडा स्तरमा जनतासँग अध्यक्ष साक्षात्कार कार्यक्रम संचालन गरिनेछ ।

१६८. यस पालिकाबाट हुने सेवालाइ अझ प्रभावकारी बनाउनको लागि जनप्रतिनिधि तथा कर्मचारी बीच अन्तर्क्रिया कार्यक्रमको थालनी गरिनेछ।

१६९. पूर्वखोला गाउँपालिकाका विकास निर्माणका गतिविधीहरु आम जनता सम्म पुऱ्याउन"**पूर्वखोला विकास दर्पण**" बुलेटिन प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**श्रद्धेय गाउँसभा सदस्य ज्यूहरु,**

प्रस्तुत नीति अनुसारका कार्यक्रम तथा वजेटको कार्यान्यनबाट यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास तथा वातावरण संरक्षण संम्वद्र्धन मार्फत आधारभूत सेवा प्रासिमा जनताको पहुँच र स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि हुने अपेक्षा गरिएको छ । त्यसैगरी गरिवी निवारण, आयआर्जनको यथोचित वातावरण सृजना भई पूर्वखोला गाउँपालिकाको चौतर्फी विकासमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस पूर्वखोला गाउँपालिकाको आ.व २०७९।०८० को लागि नीति तथा कार्यक्रम तयार गर्न आफ्नो अमूल्य राय सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, राजनीतिक दल, कर्मचारी, शिक्षक, नागरिक समाज, पत्रकार जगत लगायत विभिन्न संघ संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस गरिमामय गाउँ सभाको अधिवेसनमा सहभागिता जनाउनुहुने गाउँ सभाका सदस्यहरु तथा अन्य उपस्थित महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दै यस प्रस्तुतिलाइ अन्त्य गर्न चाहान्छु।

धन्यवाद

नुन वहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका, पाल्पा
मिति:२०७८।०३।१०

नुन बहादुर थापा
अध्यक्ष
पूर्वखोला गाउँपालिका
पाल्पा,